# कविताहरू

## स्वप्नाको मेरो देश

*यहाँ,* सबै रित्तो पखेरो देख्छन्
म देख्छु भविश्यको पृष्ठभूमि
जहाँ भावी पुस्ता अनारका दाना फलाउँनेछ ।
*यहाँ,* अरु देख्छन् कठोर पहाड
म देख्छु त्यो झुलन बाघ
जुन प्राकृतिक सजावटमा छ ।
*यहाँ,* सबै झगडा र गृह युद्ध देख्छन्
म देख्छु सुनौलो युगको लागि मन्थन
जुन युग सर्व हितकारी हुनेछ ।
*यहाँ,* सबै आतंक देख्छन्
म मानसिक योगको अभ्यास देख्छु
अनि गद्दारीहरुको करतुतको पर्दाफास
र प्रयाश्चितको क्षण।
*यहाँ,* मान्छेहरु आतङ्कित र त्रसित हुँदै गईरहेछन्
म भने मेरो देशको अग्रगतिको क्षण पर्खिरहेछु
सबैलाई आफु बाँच्नको मात्र धामा छ
म मातृभूमिको अस्तित्व रक्षामा लाग्छु ।
*यहाँ,* कसैले दवाउँछ र यातना दिन थाल्छ
म उस्लाई चिन्दै जान्छु
र उस्का तख्ताउल्याउने मात्र हैन
राष्ट्रको लागि साथै एक निर्णायक युगको लागि
जुर्मुरिदैं बुलन्द क्रन्दनको साथ उठ्छु
जुन युगमा देशको प्यारा देशवासी भन्ने छैन
हामी सबै नेपाली भन्ने छ
यही हो मैले देखेको स्वप्नाको मेरो देश ।
-मिन बहादुर राना, बुटवल बहुमुखी क्याम्पस, बुटवल ।

## यात्रा

रातभर गड्याङ्गगुड्ङ भइरह्यो
अत्तालिइरहे वरिपरी
झ्याउँकिरी र चराचुरुङ्गीहरु
कुहिरोभित्र तड्पिरहेको मन
एकतमासले सुस्केरा हालिरह्यो ।
गल्छेडाहरुमा पन्छाउँदै सिस्नो
अत्तालिँदै उकालो चढेको बेला
ठेस लागेर रगत बगिरहँदा
तिम्रा हातहरुले

लगाइरहे झैं लाग्यो मलहम ।
यी नदीहरु जत्तिकै बग्दै बग्दै
खोजेको छु शुद्ध हुन
र गइरहेछु अग्लिँदै यी उच्च पहाडहरुसँग
खोज्दैछु गन्तव्य
तर ठेस लाग्दैछन् ढुङ्गा माटोसँग
यात्रा गर्दैछु पहाडदेखि पहाडसम्म
बढिरहेछ एउटा उत्कट अभिलाषा
कोरुँ तिम्रो चित्र यी पहाड र बगरहरुमा
चित्रमा रङ्ग भर्दैछु
तर थाहा छैन मलाई
यो चित्रको तयारी पछि
झल्कन्छ तिम्रो अनुहार वा
देशको सुनौलो मुहार।
-दामोदर पुडासैनी 'किशोर' मंगलसेन, अछाम।

## नारीको व्यथा

दिन र रात भोक र तिर्खा
दिन रातौ खटेर,
पुरुषको भन्दा दोब्बर काम
गर्नु छ डटेर।
रगत हाम्रो पुरुषको जस्तो
रातो नै बग्दछ,
पुरुषलाई पमात्र सम्पति सारा
मन हाम्रो जल्दछ।
पुरुषलाई जस्तै दिनुहोस् शिक्षा
हामीलाई बराबार,
सक्नेछौं नारी प्रगति गर्न
बढ्नेछौं सरासर।
अर्काको मुख टाकेर मात्र
हुँदैन नारीलाई,
सम्मान हक अधिकार पनि
चाहिन्छ नारीलाई।
- मिरा खतिवडा, दियाले-५, ओखलढुङ्गा ।

## खोजी

हिड्न खोज्दा यो दुनियाँमा राम्रो बाटो पाइन
भिखारीलाई जस्तै होला कतै माया छैन,
बेदनाले मुटु छोड्दा शरीर सबै गल्छ
यो मनमा हुरी चल्दा दिलमा आगो बल्छ,
अनुहार भरी रोदन मेरो आँखाभरी आँसु
विरहको जिन्दगीमा कतिन्जेल बाँचु,

यो मनको व्यथाहरु पोख्ने ठाउँ छैन
अभागीको संसारमा आफ्नो मान्छे छैन,
चस्की चस्की छाती दुख्छ मुटुभित्र घाउ
यो साथीले खोजी रहेछ नदी तर्ने नाउ।
- सुस्मिता खतिवडा, श्री स. मा. वि. खानिभञ्ज्याङ्ग, ओखलढुङ्गा।

## मुक्तक

बुद्ध जन्मेर के भयो युद्ध चर्केपछि
रगतसंगै विवश नेपाली आँसु दर्केपछि,
डर र त्रासमा बाँच्नु पर्‍यो जिन्दगी
आफ्नै दाजुभाइ आफूतिर फर्केपछि।
-शुक्र चोङबाङ लिम्बु, मेमेङ्ग-८, पाँचथर ।

## आँसु

आँसु निचोरी पठाएको छु
नसुकाउ सुख्खा खडेरीमा,
कथा र व्यथा दिएको छु
नउडाउ उत्साह उमंगका सुस्केरामा,
हाँसो पस्की पठाएको छु
नहाँसी दिनु शून्य संसारमा
खुसी सबै तपाईंलाई नै दिंदा
नलागोस् नजर खुशीयाली तपाईं जीवनमा ।
- जिनीता राई, खा. न.पा.-३, माने भन्ज्याङ्ग, चिसोपानी, संखुवासभा

## भेटिएन भर

हामी साना निमुखाको बोली कसले सुन्छ
राम्रो राम्रो बोले पनि नराम्रो नै हुन्छ।
ठूला ठूला आर्दशको बोली दिने नि छन्
अझ ठूलो बन्दुकको गोली दिने नि छन्,
हाम्रा कुरा सुनिदिने बोलिदिने छैनन्
हृदयका व्यथाहरु खोलिदिने छैनन्।
सेतोलाई कालो भन्नू निलोलाई रातो
यति गर्दा पनि हाम्रो जान्छ झैं छ सातो।
हारे पनि जित्यो भन्नू लडे पनि नाच्यो
नत्र साँढे रिसाएर देशै धुलो पार्छ
आफू मर्नुभन्दा अघि अरुलाई मार्छ।
डर मान्दामान्दै पनि मेटिएन डर
जति खोजिहिंडे पनि भेटिएन भर।
-पशुपति कार्की, ओखलढुङ्गाबजार, ओखलढुङ्गा ।

## आग्रह

लाग्छ मलाई जुनतारा तिम्रो साम् अँध्यारो
तिमी नभए एक्लो यात्रा लाग्छ साह्रै अप्ठ्यारो,
अँध्यारो यो जिन्दगीमा जून बनी छाईदिनु
उजाड मेरो जिन्दगीमा हरियाली छाईदिनु ।
लाग्छ मलाई तिमी बिना यात्रा मेरो अधुरो छ
तिमी नभए संसारमा जीवन पनि अधुरो छ,
उदाश मेरो यात्रामा साहस बनी आईदेउ
सन्ध्यारुपी जिन्दगीमा प्रभात बनी आईदेउ ।

-महेश वान्तवा रुङ्गमाङ्ग, प्रधान सम्पादक अन्तराल, सिद्धिथुम्का-३, चुलिगाउँ, इलाम।

## छुवाछुत किन ?

बोली एउटै रगत एउटै
छुवाछुत किन ?
शिर एकै पाऊ एकै
भेदभाव किन ?
जातिभेद रंगभेद
समाजमा किन ?
पधेंरामा पानी छुँदा
घिन मान्छन् किन ?
एक्काइसौं शताब्दी यो
रुढिवादी किन ?
परिवर्तन हुनुभन्दा
उहिं रीति किन ?
दलितले घरभित्र
पस्नै हुँदैन रे !
दलित हुन् या ठुलावडा
जन्म लिन्छन् सवले !
यो धर्तीमा पाईला टेकी
बिताउँछन् जीवन सबले
समाजदेखि ऋण लाग्छ
छुवाछुत देख्दा,
गाली वेइज्जत खानुपर्छ
दलित भनि लेख्दा,
तर मलाई डर छैन
प्रतिकार गर्न,
गए मेरो ज्यान जाला
डर छैन मर्न,
सास रहे सम्म मैले
विरोध गर्ने नै छु,
विरोध गर्न साथीभाइ
सँधै बटुल्नेछु ।

-गोपाल अनुरागी, सिमा, सिस्ने, जाजरकोट ।

## मुक्तक

तिम्रो मेरो आकाशमा उदाए कै जून राम्रो
असिना झैं बर्षिएर नलाए कै गुन राम्रो,
सागर होस् या सपना दुनियाँ पिरतीको
साटिँदा दुईटा मुटु स्पन्दन कै धुन राम्रो।
-आदर्श राम, कालिका- ६, कञ्चनपुर।

## सपनीमा देखें

सम्बोधनको पहिलो पत्र पठाउँदैछु
प्रतीक्षा तिमीलाई स्वीकार्न सक्छौं,
भने जीवन भरि साथी तिमीलाई नै भन्नेछु
सम्झनाको पहिलो क्षण पठाउँछु,
प्रतीक्षा तिमीलाई याद गर्न सक्छौ
भने अञ्जुली भरि तिमीलाई नै राख्नेछु,
भावनाको पहिलो शब्द पठाउँदैछु
प्रतीक्षा तिमीलाई साट्न सक्छौ
भने मन भरि तिमीलाई नै बसाउनेछु,
अनुभवको पहिलो पत्र पठाउँदैछु
प्रतीक्षा तिमीलाई महसुस गर्न सक्छौ
भने जीवन नै तिमीलाई दिनेछु।
-गौरी छन्त्याल, पाखापानी-२, स्याग्दी ।

## यात्रा

गरेथें मैले जीवनमा यात्रा
भेटें कति समस्या यत्रा,
यात्रा गर्नु लाभदायी हुन्छ
चोर डाँकाबाट जोगिनु बेस हुन्छ,
यात्राले कहिँ गर्छ लाभ कहिँ भने चोट
यात्रा गर्नु त्यति राम्रो होइन नगरौं है होड,
यात्रा नराम्रो भन्न सकिने त होइन
अहिलेको परिस्थितीमा बेस मैले देखिन,
यदि यात्रा गर्ने हो भने होसले गरौं
आफ्नो यात्रा आफैले सफलता पारौं।
-पेशल घिमिरे, पोखरे-४, चिसउखु, ओखलढुङ्गा ।

## मुक्तक

विश्वास लाग्छ अझ तिम्रो मलाई
तिमीले माया तोडी गएपनि,
छोटो यादको लामो पर्खाइमा
तिम्रो प्रतीक्षामा बसेपनि,
संझना लाग्छ मुटुमा
तिमीले सधैको लागि बिर्सिएपनि ।
-कमला राई 'असफल', लिच्की राम्चे- १ , माबे, खोटाङ्ग

## मुक्तक

त्यस्तो रूप, त्यति राम्री, तिमी छैनौ काली
रै'छ राम्रो शिल स्वभाव कतै छैनौ जाली,
क्षितिजदेखि म नै सत्य बोली दिंदा
सत्य सत्य धरोधर्म तिमी छैनौ खाली ।

-दिलिप 'अविरल', का. स. हाम्रो दीपज्योति साहित्यिक पत्रिका, मधुमल्ला- २, दृश्यटोल, मोरङ् ।

## मुक्तक

आज पनि यादहरू बल्भिएर आईदिंदा
पीडा कति साह्रो भयो आँखा त्यसै रसाईदिंदा,
भावनाका छालहरू आँसु बनि झरेपछि
धेरै गाह्रो पर्दोरहेछ आफ्नो मान्छे टाढा हुँदा ।

-बसन्त विप्लव 'अल्छी', टीका नव-साहित्यिक संगम, केवलपुर-६, गैरीखर्क, धादिङ्ग ।

## ताँका

१) कलमभित्र
सर्वहाराको बोली
खादिएको छ,
निव सोझ्याउ अब
शब्दको क्रान्ति गरौं ।

२) कुकुर पाल्ने
होसियार हुनु है
त्यही कुकुर
कुनै काल हुनेछ
वंशनास गर्ला है ।

-अपृभा पुष्पराज पहाडी, फूलबारी- ९, मितेरी टोल, ताप्लेजुङ्ग ।

## मुक्तक

मन त थियो तिमी संगै दुःख सुख बाड्ने
एउटै मुटु बनाएर संगै मर्ने बाँच्ने,
तर कस्तो भाग्य रै'छ हाम्रो माया भएन गाढा
वाध्यता र विवशताले गराइदियो टाढा ।

-प्रभा राई 'झरना', नेचा बेतघारी- ८, तुइन्टार, दुइखोलाको दोभान, सोलुखुम्बु ।

## विवशता

विष पिउनलाई कठीन भयो
आँसु पिउने ओंठले पनि,
हाम फालेर पर्नै कठीन
यति ठूलो चोटले पनि ।
खुसी साट्न सकिएन
जस्तो नाता जोडे पनि,
आँसु लुक्न सकेननी
सिरैं आकास ओडे पनि ।

-अमृत बास्कुने 'श्वाश्वत', सापकोटा भेटेरीनरी तथा एग्रो सेन्टर, विरेन्द्रचोक- २, वेनी, म्याग्दी ।

## सपना

रातको मीठो निन्द्रसंगै
हराएँ म सपनामा,
शान्त र सुन्दर
नेपालको कल्पनामा ।
शोषकी तत्त्वले शोषण गरेको
दाइभाइको युद्ध, आमाको मन रोएको,
डाँफे, मुनाल बाघ, बाच्छी र
माटो, पर्वत, खोल्सा, खोल्सी
शान्तिका लागि रोएको ।
अनि,
शान्तिका फूल उमार्न
वीर वीराङ्गनाले आहुति दिएको,
रगतको मोल चुकाउन आग्रह गरेको
अनि केही समयपछि अन्नतः
शान्तिरुपी फूल फुलेको देखि
तिनका आत्मा हाँसेको ।
यो सपना भइदिए हुन्थ्यो,
साँच्चिकै विपना ।
हे, प्रभु तिमीमा यहि छ प्रार्थना ।

-रवीन्द्रराज थापा, हालः मदन भण्डारी मेमोरियल कलेज, रातोपुल, गौशाला ।

## मुक्तक

दुई दिनको जीवनमा खुसी पाइएन
सधै दुःख भएकोले सुख चाहिएन,
झुटा प्रेममा फस्ने क्रमको वृद्धि भएपनि
प्रेमको फसाइ सकैलाई माया लाइएन ।

-समीक्षा शर्मा, चानुवा- २, धनकुटा, हालः महेन्द्र बहुमुखी क्याम्पस, धरान ।

## दुई तांका

१) माया त के हो
म आफै खोजी रै’छु
जीवन हेर
जिन्दगी छेउ हेर
म पर्खिरहेकी छु ।

२) आकाशबाट
पानी परिरहेछ,
जमिन माथि
डुबे मानिस गए
आयो पहिरो ।

-सुमित्रा घिमिरे, गरामनी-९, तोरीबारी, झापा ।